शिक्षा दिनु पाउँदा खुशीको अनुभव

# क्यान्सर रोगीहरूका निम्ति उपयुक्त उपचार




**सिलगढ़ी, ५ नोभेम्बर (निसं)**: शिर, घाँटी, गर्भाशय र वक्ष क्यान्सर रोगको पत्तो प्रारम्भिक रूपमा लाग्यो भने नियमित रूपमा उपचार र क्यान्सर स्क्रिनिङको सहायतामा यो रोग निको हुनसक्छ भनी मेडिका क्यान्सर अस्पतालले दावी गरेको छ। उत्तर बंगालमा क्यान्सर रोगीहरूको उपचारका लागि मेडिका क्यान्सर हस्पिटलले कम्युनिटी आधारित क्यान्सर स्क्रिनिङ शिविरको आयोजन गरिरहेको छ। उत्तर बंगालमा एक मात्र क्यान्सर अस्पताल मेडिका क्यान्सर हस्पिटल (पूर्व नाम नर्थ बेंगल अंकोलोजी सेन्टर)-मा सबै प्रकारको क्यान्सरको चिकित्सा गरिन्छ। यो अस्पताल सिलगढ़ीदेखि १४ किलोमिटरको दूरीमा राङ्गापानीमा अवस्थित छ। यस अस्पतालमा क्यान्सरको चिकित्साका लागि अत्याधुनिक उपकरणहरू उपलब्ध छन्। यहाँ सीटी क्यान र अल्ट्रासोनोग्राफीसहित सर्जिकल अंकोलोजी, रेडिएशन अंकोलोजी, मेडिकल अंकोलोजी आदिको सुविधा प्राप्त छ। यो अस्पताल कोलकत्ताको प्रतिष्ठित मेडिका हस्पिटलद्वारा सञ्चालन गरिन्छ। मेडिका क्यान्सर हस्पिटलद्वारा आयोजित क्यान्सर स्क्रिनिङ प्रोग्राम र निःशुल्क क्यान्सर डिटेक्सन (रोग पत्तो लगाउने) शिविरको मुख्य उद्देश्य अधिकभन्दा अधिक मानिसको क्यान्सर रोगको पत्तो प्रारम्भिक रूपमा लगाउनु हो। मेडिका क्यान्सर हस्पिटलले क्यान्सर रोगीहरूका लागि सुलभ मूल्यमा उपयुक्त उपचारको व्यवस्था गरेको जानकारी प्रेस विज्ञप्तिमार्फत् पाइएको छ।